# सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिती

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन
विभाग स्नातकोत्तर तह (एम. एड.) दोश्रो वर्षको
आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

शोधपत्र


**शोधकर्ता**

राजीव कुँवर

त्रि.वि. दर्ता नं.: ३५९८-९३

परिक्षा क्रमाङ्क.: २४००२६४ (२०६७)

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन


२०७६

सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिती, राजीव कुँवर, २०७६

# सप्तगण्डकी बहुमुखी क्याम्पस
## SAPTAGANDAKI MULTIPLE CAMPUS
Estd. 2045 (1988)
*(Affiliated to Tribhuvan University, Nepal)*
**A QAA Certified Campus by UGC, Nepal**

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal


च.नं./Ref. No.

### सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय ,शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो बर्षको छात्र **राजिव कुँवरले सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिती** विषयको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । यो शोध कार्य प्रति म सन्तुष्ट छु। यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

उप.प्रा.होमनाथ सापकोटा
(शोध निर्देशक )
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मिति :२०७६/०४/०२
(18th July 2019)

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोध पत्र सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय अन्तर्गत द्वितीय वर्षको Ed.CE ५९८ को आंशिक आवश्यकता पूरा गर्न "सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिति भन्ने शिर्षकमा गोरखा जिल्लाका सामदायक विद्यालय श्री सिन्जाली मा.वि. र संस्थागत विद्यालय गोरखा बोर्डिङ्ग मा.वि. का २ वटा विद्यालयमा गरिएको व्यापक अनुसन्धानबाट तयार पारिएको हो । यस शोध पत्रमा गोरखा जिल्ला का सामुदायक विद्यालय श्री सिन्जाली मा.वि. र संस्थागत विद्यालय गोरखा बोर्डिङ्ग मा.वि. बिचको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक स्थितिलाई जोडदार रुपमा प्रस्तुत गर्न खोजेको छु ।

मलाई शिक्षा दिक्षा दिई शोध पत्र लेखनको यो ठाऊँसम्म पुऱ्याउन अतुलनिय प्रेरणा प्रदान गर्नुहुने अभिभावकहरु र श्रद्धेय गुरुजनहरु प्रति पुर्णरुपमा हृदय देखिनै आभार प्रकट गर्दछ । त्यसैगरी प्रतिवेदन लेखनको क्रममा आवश्यक विषयमा सहयोग पुयाउनूहुने श्रद्धेय गुरु श्री होमनाथ सापकोटा लगायत पाठ्यक्रम तथा मूल्याङ्कन विभागका सम्पुर्ण गुरुजनहरु, सम्पुर्ण मित्रवर्गहरु, विभागिय प्रमूख श्री कुवेरनाथ शर्मा, क्याम्पस प्रमुख श्री मणीराज महतो एवं मेरी श्रीमती विष्णुमाया कुँवर र छोराछोरीहिरु लगायत यस शोधपत्र तयार गर्ने क्रममा सहयोग गर्नुहुने सम्पूर्णमा विशेष आभार प्रकट गर्न चाहान्छु ।

अन्तमा यस शोधपत्र तयार गर्ने क्रममा शुरु देखि अन्तिम सम्म कम्प्युटर टाइप, फर्म्याटिङ्ग, डिजानिङ्ग गरि पूर्णरुप दिन विशेष सहयोग पुऱ्याउनु हुने सरस्वती भण्डारी र रञ्जित सुवेदी ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

राजीव कुँवर

# शोधसार

यस अध्ययनको शिर्षक सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्था रहेको छ । यस तुलनात्मक अध्ययनमा पाठ्यक्रम कार्यान्वयनका लागि गरिने आवश्यक तयारीहरुको तुलना गर्ने र कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन क्रियाकलापहरुको अवस्था तुलना गर्ने २ वटा उद्देश्यहरु तय गरी सम्पन्न गरिएको थियो । उल्लेखित उद्देश्यहरु परिपूर्तिका लागि उद्देश्यमूलक नमूना छनोट बिधिको आधारमा गोरखा जिल्ला स्थित सामुदायिक विद्यालय श्री सिन्जाली माध्यामिक विद्यालय र संस्थागत विद्यालय श्री गोरखा बोर्डिङ्ग मा.वि. गई विद्यालय सर्वेक्षण फारम, प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारम, शिक्षक प्रश्नावली, कक्षा अवलोकन फारम, लक्षित समूहसंग छलफलका लागि निर्देशिका र दस्तावेजहरुको अध्ययनवाट सूचना संकलन गरिएको थियो ।

यस तुलनात्मक अध्ययनमा सामुदायिक र संस्थागत दुबै विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनमा उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५ ले सिफारिस गरे अनुसार २०५८ मा परिमार्जन गरिएको ७०० पुर्णाङ्क र ३९ पाठ्यभार भएको ९ वटा अनिवार्य विषयहरु पढाईहुने, दुबै विद्यालयमा सबै घण्टिको समयावधि ४० मिनेट रहेको, भौतिक पूर्वाधारको अवस्था समान प्रकृतिको रहेको, कक्षाकोठामा साना विद्यार्थीहरुलाई अगाडी र ठुला विद्यार्थीहरुलाई पछाडी बसाल्ने ब्यवस्था रहेको, प्राथना, पिटि, कविता, गित, मुक्तक, चित्रकला र हाजिरिजवाफ जस्ता अतिरिक्त क्रियाकलापको ब्यवस्था, कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र परीक्षा प्रणालिबाट उत्कृट विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था रहेको, सबै शिक्षकहरुले पूर्वपाठको पुनरावलोकन गर्ने, समान प्रकृतिले पृष्ठपोषण प्रदान गर्ने, सबै शिक्षकहरुले गृहकार्य प्रदान गर्ने र अन्तिम जिल्ला स्तरिय परीक्षा दुबै विद्यालयमा एकै समयमा जिल्लाको नियम बमोजिम सञ्चालन हुने कुराहरुमा समानता रहेको पाईयो ।

असमानताहरुमा संस्थागत विद्यालयमा पाठ्यक्रमा उल्लेख नभएको २ वटा ऐच्छिक विषयहरु ऐच्छिक गणित र कम्प्युटर विषय पढाईहुने गरेको, सामूदायिकमा एउटामात्र प्रकासन पा.वि.के. द्वारा प्रकासित ९ वटा पाठ्यपुस्तक तर संस्थागतमा नेपाली र इन्डियन गरी १० वटा फरक-फरक प्रकासनको १३ वटा पाठ्यपुस्तकहरु प्रयोगमा ल्याईएको र संस्थागत विद्यालयमा नेपाली विषय बाहेक सबै विषयहरु अंग्रेजी माध्यमको र बढी मूल्य रहेको पाईयो । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालय वर्षभरिमा विद्यालय बढी दिन खुल्ने, धेरै दिन पढाई हुने, परीक्षा हुने

दिन र समय धेरै र बिदा हुने दिन कम रहेको पाईयो । सामुदायिकको पुस्तकालयमा संस्थागतको तुलनामा पुस्तकको प्रयाप्तता र पढ्ने ठाउँको ब्यवस्था कमजोर रहेको पाईयो । सामुदायिक विद्यालयको तुलनामा संथागत विद्यालयमा शिक्षकभार धेरै रहेको, संस्थागतको तुलनामा सामुदायिकमा विद्यार्थीहरुको कम उपस्थिति, कम सक्रिय, कम अनुसासित र अरुची प्रकट गर्ने गरेको पाइयो । सामुदायिक विद्यालय भन्दा संस्थागतमा अक्षर राम्रो बनाउने प्रतियोगिता, बास्केट बल प्रतियोगीता, नक्सा बनाउने प्रतियोगिता, संस्थागतको तुलनामा सामुदायिकमा निवन्ध, भलिबल, दौड, वक्तत्वकला जस्ता अतिरिक्त क्रियाकलापहरु बढी संचालन हुने गरेको पाईयो । संथागतका शिक्षकहरुले कक्षाको ४० मिनेटको समय पूर्णरुपमा सदुपयोग गर्नेगरेको पाईयो तर सामुदायिकका शिक्षकहरु औसतमा ५ मिनेटपछि कक्षा कोठामा जाने गरेको पाईयो, सामूदायिकका शिक्षकको तुलनामा संस्थागतका सबै शिक्षकहरुले दैनिक गृहकार्य परिक्षण गर्ने गरेको र संस्थागत विद्यालयका प्रमुखले समय(समयमा कक्षा क्रियाकलापको छड्के अनुगमन गर्ने गरेको पाईयो । सामुदायिकमा जम्मा ३ प्रकारको परीक्षा प्रणाली हुने गरेको तर संस्थागतमा ५ प्रकारको परीक्षा प्रणाली हुने गरेको, संस्थागतमा पढाईहने ऐच्छिक विषय गणित र कम्प्युटर विषयको अन्तिम परीक्षा जिल्ला स्तरिय रुपमा नहुने र सामुदायिकको तुलनामा संस्थागत विद्यालयले टर्मिनल परीक्षाहरुमा प्रयोगात्मक परीक्षाको व्यवस्था गरिएको पाइयो ।

निष्कर्षमा यस अध्ययनवाट प्राप्त भएका दुबै विद्यालयका समानता(असमानताहरु, सबल र दुर्वल पक्षहरु, पाठ्यक्रम कार्यान्वियनको प्राविधिक कुराहरु, शिक्षण विधि सँग सम्बन्धित सबल शिक्षण विधिहरु, पाठ्यक्रम कार्यान्वियन सँग सम्बन्धित परिभाषाहरु, शैक्षिक विकेन्द्रिकरणका प्रभावहरु र शैक्षिक निजीकरण विद्यालयको मजबुत प्रभावहरु सबैलाई आधारमानि विष्लेषण गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वियनको अवस्था तुलनात्मक रुपमा सबल रहेको पाईन्छ । दुबै विद्यालयमा देखिएका असमानताहरुलाई कम गरी शैक्षिक गुणस्तरमा बृद्धि ल्याउन शैक्षिक सामग्रीहरु प्रर्याप्त मात्रामा विद्यालयले उपलब्ध गराउनु पर्ने, सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई बढी भन्दा बढी अभ्यासात्मक कार्यहरुमा सहभागी गराउने, सामुदायिक विद्यालयका शिक्षकहरुले विद्यार्थीहरुले गरेका गृहकार्यहरुको मूल्याङ्कन गरी विद्यार्थीहरुलाई थप हौसला प्रदान गर्न पृष्ठपोषण प्रदान गर्ने, सामुदायिक विद्यालयमको पुस्तकालयमा पुस्तकको प्रयाप्तता लाई प्रमूख प्राथमिकतामा राखि कार्य गर्नुपर्ने, पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि विभिन्न गोष्ठीहरुमा विषय शिक्षकहरुलाई सहभागी गराउनु पर्ने, शिक्षकले पूर्वपाठको पूनरावलोकन पश्चात अघिल्लो दिनको गृहकार्य परिक्षण गर्ने, कक्षाको ४० मिनेटको

*समय पूर्णरुपमा वालमैत्री वातावरणमा सदुपयोग गर्ने र पाठ्यक्रम कार्यान्वियनमा शैक्षिक विकेन्द्रिकृत प्रणालिलाई बढी जोड दिनुपर्ने आदि सुझावहरु प्रदान गरिएको छ ।*

# विषयसूची


पेज नं.

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधशार

विषयसूची

तालिका सूची

परिच्छेद एक १-८

परिचय

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ८

१.५ अनुसन्धान प्रश्नहरु ८

१.६ अध्ययनको परिसीमा ९

परिच्छेद दुई १०-२२

सवन्धित साहित्यको पुनरावलोकन

२.१ सैदान्तिक आधारहरु १०

२.२ विद्यालय व्यवस्थापन सम्वन्धित सिद्धान्तहरुको पुनरावलोकन १०

२.३ शिक्षण विधिसंग सम्वन्धित सिद्धान्तहरुको पुनरावलोकन १५

२.४. पाठ्यक्रमसंग संवन्धित परिभाषाहरुको पुनरावलोकन १७

२.५. संवन्धित अध्ययनहरुको पुनरावलोकन १८

२.६. अवधारणा ढाँचाको निर्माण २२

परिच्छेद तीन

अध्ययन विधि २३-२६

३.१ अनुसन्धान ढाँचा २३

३.२ नमूना छनौट प्रक्रिया २४

३.३ विद्यालयको छनौट २४

३.४. प्रधानाध्यापकको छनौट २४
३.५. शिक्षकको छनोट २४
३.६ विद्यार्थीको छनौट २५
३.७ अनुसन्धान साधनहरुको निर्माण २५
३.८. साधनहरुको वैधता २५
३.९. सूचना संकलन प्रकृया २५
३.९.१ प्राथमिक श्रोत २५
३.९.२ द्धितीय श्रोत २६
३.१० सूचनाको विश्लेषण २६

**परिच्छेद चार**

**तथ्याङ्कको व्याख्या र विश्लेषण २७-४७**

४.१ विषयगत संरचना र पाठ्यपुस्तकको तुलनात्मक अवस्था २८
४.२ सयम तालिकाको तुलनात्मक अवस्था ३१
४.३ शैक्षिक क्यालेण्डरको तुलनात्मक अवस्था ३२
४.४. भौतिक पूर्वाधारको व्यवस्थापनको तुलनात्मक अवस्था ३३
४.५. विद्यार्थी व्यवस्थापनको तुलनात्मक अवस्था ३४
४.६ अतिरिक्त कियाकलापको तुलनात्मक अवस्था ३५
४.७ कक्षा शिक्षणको तुलनात्मक अवस्था ३७
४.७.१ अंग्रेजी विषयमा कक्षा शिक्षणको तुलनात्मक ३७
४.७.२ गणित विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था ३८
३.७.३ नेपाली विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था ३९
३.७.४ विज्ञान तथा स्वास्थ्य शारिरीक विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था ४०
३.७.५ सामाजिक विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था ४१
३.७.६ जनसंख्या तथा वातावरण विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था ४२
४.७.७ पेशा व्यवसाय र प्रविधि विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था ४२
४.७.८ नैतिक तथा नागरिक विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था ४३
४.७.९ ऐच्छिक कम्प्यूटर विज्ञानको विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था ४४
४.७.१० ऐच्छिक गणित विषयमा कक्षा शिक्षणको अवस्था ४५
४.७.११ परीक्षा प्रणालीको तुलनात्मक अवस्था ४५

## परिच्छेद पाँच


**निष्कर्ष र सुझावहरु** ४८-५०

५.१ निष्कर्ष ४८

५.२ सुझावहरु ४९

५.२.१. नीति निर्माण तह ४९

५.२.२ कार्यान्वयन तह ४९

५.२.३ अनुसन्धान तह ४९

**सन्दर्भ सामग्री**

**अनुसूचीहरु**

## तालिका सूची

पृष्ठ सं.


| | | |
|---|---|---|
| १. | सामुदायिक विद्यालय श्री सिंजाली मा.विको कक्षा ८ को विषयगत संरचना र पाठ्य पुस्तकको अवस्था | 29 |
| २. | सामुदायिक र संस्थागत दुवै विद्यालयको समय तालिका | 32 |
| ३. | सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. र संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि .मा वर्ष भरिमा संचालन हुने अतिरिक्त क्रियाकलापहरु | 32 |
| ४. | विद्यालयको शैक्षिक कार्यतालिका | 33 |
| ५. | सामुदायिक विद्यालय श्री सिंजाली मा.वि को कक्षा ८ को परिक्षा प्रणाली | 45 |
| ६. | संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि. को कक्षा  ८ को परीक्षा प्रणाली | 46 |
| ७. | संस्थागत विद्यालय गोरखा वोडिङ मा.वि कक्षा ८ को विषयगत संरचना र पाठ्यपुस्तक को अवस्था | 46 |